# मदाने गाउँपालिका
MADANE RURAL MUNICIPALITY
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

पुर्कोटदह, गुल्मी
Purkotdaha, Gulmi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Provience, Nepal


पत्र संख्या/ Letter No.
चलानी नं. / Ref. No.:

आ.व: ०८०/०८१ मिति: २०८०/०५/१०

प्रमुख प्रशासकीय अधिकृत र ~~विपद् व्यवस्थापन~~ शिक्षा शाखा प्रमुख बिचको कार्य सम्पादन करार सम्झौता

| | |
|---|---|
| नामः नारायण प्रसाद पन्थी | पदः शिक्षा अधिकृत |
| कार्यालयः मदाने गाउँपालिका | तहः रा.प.तृतीय |
| निकटतम सुपरीवेक्षकः | शाखाः शिक्षा शाखा |

**विस्तृत रुपमा पदको काम, कर्तव्य, अधिकार र उत्तदायित्वः**

१. विद्यालय र शैक्षिक निकायको अनुगमन तथा सुपरीवेक्षण गर्ने।
२. संघीय शिक्षा ऐन र नियमावली तथा गाउँपालिकाको शिक्षा ऐन र नियमावली अनुरुप विद्यालय नियमित रुपले संचालन भए नभएको, त्यस्तो विद्यालयमा भौतिक साधन र शिक्षक पर्याप्त भए नभएको, उपलब्ध स्रोत साधनको अधिकतम सदुपयोग भए/नभएको र निर्धारित स्तर बमोजिम पठनपाठन भए नभएको सम्बन्धमा प्रधानाध्यापक, शिक्षक अभिभावक संघ र शिक्षकसँग बिचारविमर्श गरी सो अनुरुप भएको नदेखिएमा सुधार गर्न लगाउने।
३. विद्यालय विकासको लागि विद्यालय व्यवस्थापन समिति तथा स्थानीय शिक्षाप्रेमीहरुसँग सम्पर्क र सरसल्लाह एवम शिक्षाका प्रदेश र संघ स्तरका निकायहरुसँग आवश्यक समन्वय र अन्तक्रिया गर्ने।
४. आधारभूत शिक्षा उत्तीर्ण परिक्षा र अन्य विद्यालयस्तरिय परिक्षा अनुशासित र मर्यादित रुपमा संचालन गर्न आवश्यक समन्वय गर्ने।
५. गाउँपालिका भित्र संचालित अनौपचारिक शिक्षा, विशेष शिक्षा र विभिन्न संघसंस्थाहरुबाट संचालित शैक्षिक कार्यक्रमको नियमित रुपमा निरीक्षण तथा अनुगमन गर्ने।
६. शिक्षक कर्मचारीहरुको क्षमता विकासका लागि विभिन्न किसिमका तालिम, गोष्ठी, अभिमुखीकरण एवम कार्यशाला संचालन गर्ने एवम सो कार्यमा आवश्यक समन्वय गर्ने।
७. गाउँपालिका स्तरमा विद्यालय तहका बालबालिकाहरुका लागि विभिन्न अतिरिक्त क्रियाकलापहरु संचालन गर्न सहयोग गर्ने।
८. गाउँपालिकास्तरिय विविध खेलकुद कार्यक्रमहरु संचालन गर्न आवश्यक समन्वय एवं सहयोग गर्ने।
९. शिक्षक कर्मचारिहरुको तलबभत्ता, ससर्त एवम निसर्त अनुदान रकम समयमै विद्यालयमा निकासा गर्न सहयोग गर्ने।
१०. विद्यालयको शैक्षिक सुचना व्यवस्थापन प्रणाली अद्यावधिक गर्न लगाई सो सम्बन्धि आवश्यक कार्य गर्न सहयोग गर्ने।
११. प्रचलित ऐन कानुन बमोजिम विभिन्न समितीहरुका बैठक बसाली निर्णयहरु कार्यान्वयन गर्ने गराउने।
१२. नमुना शिक्षण गर्ने प्रयोजनका लागि समय समयमा प्रधानाध्यापक सहित शिक्षकहरुको वैठक आयोजना गर्न लगाई समस्या समाधानका लागि आवश्यक काम गर्ने।
१३. शिक्षकहरुको कार्यक्षमताको मुल्याकन गरी त्यसको अभिलेख राख्ने।
१४. विद्यालयको शैक्षिक स्तर वृद्धि गर्न प्रधानाध्यापक तथा व्यवस्थापन समितिका अध्यक्षहरुको गोष्ठी, अभिमुखीकरण एवम कार्यशाला संचालन गर्ने गराउने।
१५. आधारभुत परीक्षा समितिको सदस्य सचिवको रुपमा कार्य गर्ने र समितिको निर्णयानुसार परीक्षा संचालन गर्ने गराउने।
१६. शिक्षकहरुलाई तालिमका लागि सिफारिस गर्ने।
१७. विद्यालय संचालन सम्बन्धमा प्रधानाध्यापक तथा व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने।
१८. व्यवस्थापन समितिको वैठक नियमित रुपमा बसे/नबसेको जाँचबुझ गरी नबसेको भए वैठक बोलाउन प्रधानाध्यापकलाई निर्देशन दिने।



CamScanner

१९. विद्यालयका शिक्षक तथा कर्मचारीहरुको बिदाको अभिलेख शैक्षिक सत्रको अन्त्यको प्रमाणित गर्ने र विद्यालयमा राख्न लगाउने ।

२०. शिक्षकहरुको हाजिरी अभिलेख दुरुस्त भए नभएको छड्के जाँच वा निरीक्षण गरी बिदा नलिइ अनुपस्थित शिक्षकको हकमा हाजिरी पुस्तिकामा गयल जनाइ सोको जनाउसहित सम्बन्धित व्यवस्थापन समिति र गाउँ शिक्षा समितिलाई सिफारिस गर्ने ।

२१. गाउँशिक्षा समिति र सामाजिक विकास समितिको सदस्य सचिव भई काम गर्ने ।

२२. गाउँपालिका स्तरीय शिक्षा योजना तर्जुमा कार्यको संयोजन गर्ने ।

२३. गाउँपालिकाको शैक्षिक निति, कार्यक्रम एवम बार्षिक बजेट तर्जुमा गर्दा गाउँ कार्यपालिका र प्रमुख प्रशासकीय अधिकृतलाई आवश्यक सल्लाह र परामर्श दिने ।

२४. समयमै विद्यालयमा सामाजिक परीक्षण र लेखापरीक्षण गर्न आवश्यक निर्देशन गर्ने ।

२५. शिक्षकहरुको दरबन्दी मिलान र विद्यालय समायोजनका लागि गाउँ शिक्षा समितिमा प्रस्ताव पेश गर्ने एवम सो सम्बन्धमा आवश्यक सल्लाह र परामर्श दिने ।

२६. करारमा शिक्षक कर्मचारी नियुक्ती सम्बन्धी कार्यमा आवश्यक समन्वय गर्ने ।

२७. गाउँपालिकाको वार्षिक बजेटमा समावेश गरिएका शिक्षा र खेलकुद सम्बन्धी विविध कार्यक्रमहरु कार्यान्वयन गर्ने गराउने ।

२८. शिक्षा शाखा प्रमुखका रुपमा आवश्यक कार्य गर्ने ।

२९. संघीय सरकारबाट विनियोजित विभिन्न भौतिक एवम शैक्षिक अनुदान रकम प्रधानाध्यापकहरुको वैठक आयोजना गरी विद्यालयहरुलाई बाँडफाँड गर्ने एवम सो कार्यमा आवश्यक समन्वय गर्ने ।

३०. प्रमुख प्रशासकीय अधिकृतले तोकेका वा अधिकार प्रत्यायोजन गरेका अन्य काम गर्ने ।

| | |
|---|---|
| मेरो पदसँग सम्बन्धित उपर्युक्त काम कर्तव्य उत्तरदायित्व तथा अधिकारको विवरण पूर्ण ठिक साँचो हो ।<br><br>..........................<br>कर्मचारीको दस्तखत<br>मितिः | मेरो पदसँग सम्बन्धित उपर्युत काम कर्तव्य उत्तरदायित्व तथा अधिकारको विवरण पूर्ण ठिक साँचो हो ।<br><br>नामः शालिकराम पन्थी ..........................<br>पदः प्रमुख प्रशासकीय अधिकृत (कार्यलय प्रमुखको दस्तखत)<br>मितिः |



CamScanner

मदाने गाउँपालिका
MADANE RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

पुर्कोटदह, गुल्मी
Purkotdaha, Gulmi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Provience, Nepal

पत्र संख्या/ Letter No.
चलानी नं. / Ref. No.

आ.व: ०८०/०८१ मिति:२०८०/०५/१०

प्रमुख प्रशासकीय अधिकृत र कृषि शाखा प्रमुख बिचको कार्य सम्पादन करार सम्झौता

| | |
|---|---|
| नामः हुम बहादुर थापा | पदः कृषि अधिकृत |
| कार्यालयः मदाने गाउँपालिका | तहः अधिकृतस्तर सातौं। |
| निकटतम सुपरीवेक्षकः प्रमुख प्रशासकीय अधिकृत | शाखाः कृषि शाखा |

**विस्तृत रुपमा पदको काम, कर्तव्य, अधिकार र उत्तदायित्वः**

१. पालिका स्तरमा रहेका कृषक समुह, सहकारी, व्यवसायिक कृषि फर्म सँगै अगुवा कृषकहरुलाई सेवामा रहँदा आवश्यकता अनुसार तालिम, छलफल अन्तरक्रिया कृषि प्रसार सेवा प्रदान गर्ने।

२. कृषक समुह सहकारी तथा व्यवसायिक फर्मको गतिविधिमा निगरानी गर्ने अनुगमन तथा नियम्बन गर्ने।

३. कृषकको माग, व्यक्तिगत फर्म तथा सामुहिक फर्महरुको सुदृढिकरण तथा व्यवसाय प्रवर्द्धन साथै व्यवसायिक कृषकहरुको संख्या वृद्धि गर्नका लागि आवश्यकीय समन्वयका लागि भूमिका निर्वाह गर्ने।

४. पालिकाको निर्देशनमा आवश्यकता अनुसार गाउँपालिकामा गर्नुपर्ने प्रशासनिक साथै आफ्नो विषयगत कार्यको लागि सहयोग कार्य गर्ने।

५. कृषि शिविर संचालन गर्ने र सम्बन्धित वडास्तरमा समन्वय गर्ने।

६. फिल्ड तोकि खटिइएको कृषि सेवाका प्राविधिकहरुलाई आवश्यकता अनुसार निर्देशन, नियमन गरी कार्यक्रमहरु संचालन गर्न सहजीकरण गर्ने।

७. कार्यालयमा सम्पन्न भएका तथा संचालनमा रहेका कार्यक्रमहरुको प्रगति विवरण सम्बन्धित निकाय संघीय सरकार, प्रदेश सरकार र अन्य निकायमा पेश गर्ने।

८. प्रमुख प्रशासकीय अधिकृतले तोकेका वा अधिकार प्रत्यायोजन गरेका अन्य काम गर्ने।

| | |
|---|---|
| मेरो पदसँग सम्बन्धित उपर्युत काम कर्तव्य उत्तरदायित्व तथा अधिकारको विवरण पूर्ण ठिक साँचो हो।<br>२०८०/०५/१२<br>..................<br>कर्मचारीको दस्तखत<br>मितिः | मेरो पदसँग सम्बन्धित उपर्युत काम कर्तव्य उत्तरदायित्व तथा अधिकारको विवरण पूर्ण ठिक साँचो हो।<br>२०८०/०५/१०<br>नामः शालिकराम पन्थी ..........<br>पदः प्रमुख प्रशासकीय अधिकृत (कार्यलय प्रमुखको दस्तखत)<br>मितिः |



CamScanner

# मदाने गाउँपालिका
MADANE RURAL MUNICIPALITY
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

पुर्कोटदह, गुल्मी
Purkotdaha, Gulmi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या/ Letter No
चलानी नं / Ref. No

आ.व: ०८०/०८१ मिति: २०८०/०५/१०

प्रमुख प्रशासकीय अधिकृत र स्वास्थ्य शाखा प्रमुख बिचको कार्य सम्पादन करार सम्झौता

| | |
|---|---|
| नाम: तीर्थराज पन्थी | पद: सि.अ.हे.व. छैठौं |
| कार्यालय: मदाने गाउँपालिका | तह: अधिकृतस्तर छैठौं |
| निकटतम सुपरीवेक्षक: | शाखा: स्वास्थ्य शाखा |

**विस्तृत रुपमा पदको काम, कर्तव्य, अधिकार र उत्तदायित्व:**

१. प्रशासनिक कार्य: ( स्थास्थ्य शाखासँग सम्बन्धित दर्ता, चलानी, सिफारिस, कर्मचारी बिदा, नियुक्ती र सरुवा कागजातका व्यवस्थापन) ।
२. अभिलेख: (कर्मचारी विवरण, स्वास्थ्यका कार्यक्रम प्रगति) ।
३. प्रतिवेदन: (स्वास्थ्यको सम्पूर्ण सुचकहरुको अभिलेख अनुसार सम्बन्धित नियकायमा प्रतिवेदन (Online) ।
४. लेखा: (बजेट सँग सम्बन्धित विषयहरुको बिलभरपाई संलग्न गरी लेखा शाखासँग समन्वय र अभिलेख ।
५. कार्यक्रम संचालन: ससर्त बजेटमा उल्लेखित निर्देशिका बमोजिम कार्यक्रम संचालन ।
६. कार्यक्रम कार्यन्वयन: निसर्त बजेटमा विनियोजित कार्यक्रम अनुसार कार्यविधि अपनाई कार्यक्रम संचालन ।
७. वैठक/अभिमुखीकरण तालिम संचालन तथा व्यवस्थापन वैठक अभिमुखीकरण संचालन तथा प्रदेश/संघद्धारा संचालित कार्यक्रमको व्यवस्थापन ।
८. स्टोर: औषधी तथा औषधी जन्य सामाग्री र स्वास्थ्य कार्यक्रम सँग सम्बन्धित सरसामानहरुको लेखाजोखा तथा माग फाराम दाखिला हस्तान्तरण ।
९. स्टोर प्रतिवेदन: स्टोरको स्वास्थ्य सामाग्रीहरुको अध्यवधिक तथा त्रैमासिक Online प्रतिवेदन ।
१०. समन्वय: स्वास्थ्य संस्था, गा.पा., प्रदेश तथा संघ बिच समन्वय ।
११. महामारी: व्यवस्थापन कार्यक्रम संचालन तथा प्रतिवेदन ।
१२. अनुगमन मुल्याङ्कन: गा.पा स्वास्थ्य शाखा अन्तरगतका स्वास्थ्य संस्थाको सुपरिवेक्षण गरी मुल्याङ्कन ।
१३. प्रमुख प्रशासकीय अधिकृतले तोकिदिएको अन्य कार्यहरु गर्ने ।

| | |
|---|---|
| मेरो पदसँग सम्बन्धित उपर्युत काम कर्तव्य उत्तरदायित्व तथा अधिकारको विवरण पूर्ण ठिक साँचो हो ।<br>५-५-१०<br>कर्मचारीको दस्तखत<br>मिति: | मेरो पदसँग सम्बन्धित उपर्युत काम कर्तव्य उत्तरदायित्व तथा अधिकारको विवरण पूर्ण ठिक साँचो हो ।<br>२०८०।०५।१०<br>नाम: शालिकराम पन्थी<br>पद: प्रमुख प्रशासकीय अधिकृत (कार्यलय प्रमुखको दस्तखत)<br>मिति: |



CamScanner

# मदाने गाउँपालिका
MADANE RURAL MUNICIPALITY
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

पुर्कोटदह, गुल्मी
Purkotdaha, Gulmi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या/ Letter No
चलानी नं. / Ref. No

आ.व. ०८०/०८१ मिति: २०८०/०५/१०

प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुख बिचको कार्य सम्पादन करार सम्झौता

| | |
|---|---|
| नाम: तारा भट्टराई | पद: लेखापाल |
| कार्यालय: मदाने गाउँपालिका | तह: सहायक पाँचौं |
| निकटतम सुपरीवेक्षक: | शाखा: आर्थिक प्रशासन शाखा |

**विस्तृत रुपमा पदको काम, कर्तव्य, अधिकार र उत्तरदायित्व:**

१. पालिकाको संचितकोषको संचालन गर्ने।
२. आर्थिक प्रशासन संचालन गर्ने।
३. खर्च खाताहरुको संचालन र आर्थिक श्रेस्ता, नयाँ अभिलेख व्यवस्थापन गर्ने/गाउने।
४. आन्तरिक अनुदान राजश्व धरौटी संचित कोषको संचालन, अभिलेख र खाता संचालन गर्ने।
५. राजश्व परामर्श समितिको सचिवको भूमिका निर्वाह गर्ने।
६. व्यवसाय कर असुल, व्यवसाय दर्ता गरि व्यवसाय प्रमाण पत्र दिने र नवीकरण सम्बन्धि कार्य गर्ने/गराउने।
७. निकासा माग गर्ने।
८. सम्बन्धित निकायमा प्रतिवेदन गर्ने।
९. SUTRA संचालन गर्ने।
१०. आर्थिक नियमको पूर्ण पालना गरी लेखा राख्ने।
११. गाउँपालिका क्षेत्रभित्रको सम्पत्तिकर असुली र लगत अद्यावधिक गरि राख्ने।
१२. नक्सापास दस्तुर, वहाल कर असुल गर्ने/गराउने।
१३. राजस्व परामर्श समितिको वैठकमा उपस्थित भै छलफलका विषय तयार गर्ने, निर्णय कार्यान्वयनका लागि शाखा प्रमुखलाई आवश्यक सहयोग गर्ने।
१४. राजश्व सम्बन्धी प्रचार प्रसार तथा करदाता शिक्षा सम्बन्धि कार्य गर्ने/गराउने।
१५. करदातालाई करको दायराभित्र ल्याउनको लागि आवश्यक कार्यहरु गर्ने/गराउने।
१६. विभिन्न नगदी रसिद र राजश्व सम्बधि रसिदहरुको अभिलेख र नियन्त्र गर्ने/गराउने।
१७. वडा कार्यालयबाट प्राप्त मासिक आम्दानीको समेत विवरण तयार गरि आर्थिक प्रशासन शाखामा प्रतिवेदन गर्ने/गराउने।
१८. मासिक, चौमासिक र वार्षिक आय विवरण तथा आर्थिक विवरणहरु गरि पेश गर्ने/गराउने।
१९. राजश्व सम्बन्धि मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गरि पेश गर्ने/गराउने।
२०. प्रमुख प्रशासीय अधिकृतले तोकिदिएका अन्य कार्यहरु गर्ने।

| | |
|---|---|
| मेरो पदसँग सम्बन्धित उपर्युत काम कर्तव्य उत्तरदायित्व तथा अधिकारको विवरण पूर्ण ठिक साँचो हो।<br><br>(signature)<br>कर्मचारीको दस्तखत<br>मिति: | मेरो पदसँग सम्बन्धित उपर्युत काम कर्तव्य उत्तरदायित्व तथा अधिकारको विवरण पूर्ण ठिक साँचो हो।<br><br>नाम: शालिकराम पन्थी (signature) २०८०/०५/१०<br>पद: प्रमुख प्रशासकीय अधिकृत (कार्यलय प्रमुखको दस्तखत)<br>मिति: |



CS CamScanner

